# नासौँ गाउँपालिकाको सातौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री कमलमाया गुरुङज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७७/०७८ को बार्षिक बजेट तथा कार्यक्रम

## २०७७ साल आषाढ १० गते

नासौँ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

धारापानी, मनाङ

गण्डकी प्रदेश, नेपाल

२०७३

नासौँ गाउँपालिका

**आदरणीय अध्यक्ष महोदय,**
**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

१. नेपालको संविधान एवं स्थानीय सरकार संचालन ऐनले गरेको व्यवस्था अनुसार स्थानीय सरकारको रुपमा रहेको नासों गाउँपालिकाको चौथो बजेट पेश गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ । विगतको केन्द्रीकृत र एकात्मक व्यवस्थाको अन्त्य गरी स्थानीय स्वशासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न जीवन बलिदान गर्नुहुने अमर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । मुलुकको अग्रगामी परिवर्तनमा अतुलनीय योगदान पुर्याउनुहुने राजनैतिक अग्रजहरु, ऐतिहासिक जनआन्दोलन, जनयुद्ध लगायत विभिन्न संघर्षहरुमा त्याग र बलिदान गरी समुन्नत नेपालको परिकल्पना गर्ने सम्पुर्ण महानुभावहरु, वेपत्ता परिवार, घाईते एवम् द्वन्द्वपीडित परिवारमा हार्दिक सम्मान व्यक्त गर्दै स्मरण गर्न चाहन्छु ।

२. नेपालको संविधान, राज्यको निर्देशक सिद्धान्तहरु, मौलिक हक, आवधिक योजना, संघीय र प्रादेशिक सरकारले अंगीकार गरेका नीतिहरु, स्थानीय सरकार संचालन ऐन, गाउँपालिकाबाट स्वीकृत विभिन्न आवधिक योजनाहरु, जनताको आवश्यकता र माग, वस्ती/वडास्तरबाट प्राथमिकीकरण गरि पेश हुन आएका योजना तथा कार्यक्रम, यस गाउँपालिकाले आगामी आ.ब.को योजना तर्जुमाका लागि स्वीकृत गरेको बार्षिक नीति तथा कार्यक्रममा उल्लेखित प्राथमिकताका क्षेत्रहरुलाई मार्गदर्शनको रुपमा लिदै संघीय सरकार र गण्डकी प्रदेश सरकारबाट प्रस्तुत आ.ब.२०७७/०७८ को बजेट, कार्यक्रम तथा अंगिकार गरेका प्राथमिकता प्राप्त क्षेत्रहरुलाई टेवा समेत पुग्ने गरि विभिन्न अल्पकालिन, मध्यकालिन र दीर्घकालिन प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रममा समावेश गरिएको छ ।

३. नासौं गाउँपालिकाले संघीय सरकारले अगाडी सारेको ***"समृद्ध नेपाल, सुखी नेपाली"*** भन्ने मुल नारालाई आत्मसात गरेको छ । यस गाउँपालिकाले स्थानीय आवश्यकतामा आधारित विकासको माध्यमबाट समग्र राज्यको विकासमा टेवा पुरयाउने लक्ष्य लिएको छ । तसर्थ, हरेक वस्ती, गाउँ र टोललाई गाउँपालिकाको महत्वपूर्ण इकाइ मानी ती समग्र इकाइको विकासका लागि गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान केन्द्रित गरेको कुरा अवगत गराउन चाहन्छु ।

**आ.ब.२०७७/०७८ मा प्राप्त हुने आय र व्ययको सारांश प्रस्तुत गर्न गर्न चाहान्छुः**

## आयतर्फः

| सि.नं. | बजेट स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक आय .(गतको अल्या) | २ करोड २५ लाख | |
| २ | संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड | ३ करोड ५९ लाख | |
| ३ | प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड | ९ लाख १० हजार | |
| ४ | संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान | ६ करोड ७१ लाख | |
| ५ | प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान | १ करोड २१ लाख ५० हजार | |
| ६ | संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान | ८ करोड ७४ लाख | |
| ७ | संघीय सरकारबाट प्राप्त हुने सशर्त सामाजिक सुरक्षा अनुदान | १ करोड २५ लाख | |
| ८ | प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान (विद्यालय भवन निर्माण) | ५० लाख | |
| ९. | प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान (सिरानताल पहँच मार्ग) | ५० लाख | |
| १० | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संघीय प्रतिनिधी सभा सदस्य) | १ करोड | |
| ११ | आन्तरिक राजश्व | २० लाख | |
| १२ | जिल्ला समन्वय समिति अनुदान | २५ लाख | |
| १३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ५ लाख | |
| | स्थानीय तह क्षमता विकास कार्यक्रम PLGSP | ३ लाख | |
| | **कुल जम्मा** | **२६ करोड ३७ लाख ६० हजार** | |

## व्ययतर्फः

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | चालु तथा प्रशासनीक खर्चतर्फ | ७ करोड ७४ लाख ६९ हजार | |
| २ | पूँजीगत खर्चतर्फ | ६ करोड ३० लाख ९१ हजार | |
| ३ | सामाजिक सुरक्षा कार्यक्रमतर्फ | १ करोड २५ लाख | |
| ४ | प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान (विद्यालय भवन निर्माण) | ५० लाख | |
| ५ | प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान (सिरानताल पहँच मार्ग) | ५० लाख | |
| ६ | संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान | ८ करोड ७४ लाख | |
| ७ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संघीय प्रतिनिधी सभा सदस्य) | १ करोड | |
| ८ | जिल्ला समन्वय समिति अनुदान | २५ लाख | |
| ९. | गरिबसँग विश्वेश्वर कार्यक्रम | ५ लाख | |
| १० | स्थानीय तह क्षमता विकास कार्यक्रम PLGSP | ३ लाख | |
| | **कुल जम्मा** | **२६ करोड ३७ लाख ६० हजार** | |

**आदरणीय अध्यक्ष महोदय,**
**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अव म माथि उल्लेखित स्रोतबाट अनुमान गरिएको बजेट सिमाको आधारमा निम्नानुसार क्षेत्रगत रुपमा कार्यक्रम तथा बजेट विनियोजन गरेको व्यहोरा निवेदन गर्न चाहान्छु ।

## पूर्वाधार विकास :

४. पूर्वाधार विकास अन्तरगत गोरेटोघोडेटो वाटो निर्माण/मर्मत, भवन निर्माण, शवदाहस्थल निर्माण, आमा समुह भवन निर्माण, गाउँ जाने बाटो ढलान, गुम्बा निर्माण, पर्यटकीय पदमार्ग निर्माण, सोलार सिष्टम जडान गन लगायतका अधुरा एवं क्रमागत योजनाहरुलाई प्राथमिकताकासाथ समावेश गरि विकासका लागि अनिवार्य शर्तको रुपमा स्वीकार गरिएको पूर्वाधार विकास कार्यक्रमहरुका लागि रु.१ करोड ५५ लाख रकम विनियोजन गरिएको छ ।

## आर्थिक विकासतर्फ :

५. आर्थिक विकास अन्तरगत पर्यटन क्षेत्रको दीर्घकालीन विकासलाई मध्यनजर गर्दै आगामी आ.ब.को प्रथम चौमासिक अवधिमा नै पर्यटन विकास गुरुयोजना तयार गरि योजनाबद्ध रुपमा यो क्षेत्रलाई विकास गर्ने अभिप्राय लिइएको छ ।

आर्थिक विकास तर्फ पानी घट्ट निर्माण, सामुदायिक ढीकी निर्माण, थ्रेसर मेशिन खरिद, जस्ता दैनिक जीवनका अत्यावश्यक तथा परम्परागत प्रविधिको संरक्षण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

नासौं गाउँपालिका मनाङ जिल्लाको अन्य क्षेत्रभन्दा कृषियोग्य भूभाग धेरै भएको क्षेत्र हो । नासौं गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन कृषिमा आधुनिकीकरण तथा माटो सुहाउँदो बाली लगाई कृषि उत्पादनमा बृद्धि लगायतका कार्यक्रमका लागि २० लाख बजेट विनियोजन गरिएको छ । नासौं गाउँपालिका पशुपालनका लागि अत्यन्तै सम्भावनायुक्त ठाउँ भएकाले पशुपालन मार्फत यहाँका जनताको आयस्तर बढाउन पशु विकास कार्यक्रमतर्फ रु. १० लाख विनियोजन गरिएको छ ।

संघीय सशर्त अनुदानतर्फ कृषक दर्ता, तथ्याङ्क अध्यावधिक, नर्सरी स्थापना, स्याउ विरुवा रोपण, बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र सन्चालन, खाद्य तथा सूरक्षामा कृषि उत्पादन, चौरी संरक्षण जस्ता कार्यक्रमहरु सञ्चालनका रु ६८ लाख विनियोजन गरिएको छ ।

नासौं गाउँपालिका

संघीय सशर्त अनुदानतर्फ जल स्रोत तथा सिंचाइतर्फ प्रशासन तथा व्यवस्थाप खर्च, लघु तथा साना जल विद्युत उत्पादन, सूधारीएको चुलो जडान, सौर्य उर्जा प्रविधि जडान जस्ता कार्यहरुका लागि रु.१० लाख विनियोजन गरिएको छ ।

नासों गाउँपालिकाको ५ बर्षे लघु उद्यम विकास रणनीति, २०७६-२०८० अनुसार उद्यमशीलता विकास गरि स्वरोजगार सृजना गर्ने जस्ता कार्यहरुका लागि रु. १५ लाख बजेट विनियोजन गरिएको छ ।

संघीय सशर्त अनुदानतर्फ व्यवसायिक उद्यमी तालिम, मोडल लघु उद्यमी सृजना, समुहमा प्रविधि हस्तान्तरण जस्ता कार्यक्रमहरु सञ्चालनका लागि रु. ३० लाख विनियोजन गरिएको छ ।

## सामाजिक विकास तर्फ :

६. शिक्षा क्षेत्र विकासको मुख्य आधार हो । जवसम्म गुणस्तरीय शिक्षा र शिक्षामा आम बालबालिकाहरुको पहुँच पुग्दैन तबसम्म राज्यले चाहेजस्तो सीपयुक्त र दक्ष मानव संशाधन उत्पादन हुन सक्दैन तसर्थ यस गाउँपालिकाले प्रकाश ज्योति मा.वि.मा आवासीय विद्यालय सञ्चालन गरी यस क्षेत्रका बालवालिकाको लागि गुणस्तरीय एवं अनिवार्य शिक्षाको प्रत्याभूति दिलाउन अगाडी बढेको छ । आवासीय विद्यालय व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भई चालु आ.ब.मा शैक्षिक भवन तथा छात्र छात्रावासको निर्माण कार्य शुरु गरि सकिएको छ । उक्त कार्यलाई डिपिआर बमोजिम क्रमश सम्पन्न गरिनेछ । आवाशिय विद्यालय संचालन सहयोग कार्यक्रमका लागि रु. ५० लाख बजेट विनियोजन गरिएको छ । गण्डकी प्रदेश सरकार मार्फत विशेष अनुदान मार्फत रु.५० लाख विनियोजन गरिएको छ ।

संघीय सशर्त अनुदानतर्फ विद्यार्थिका लागि दिवा खाजा, शिक्षक तलव, शिक्षण सिकाई साम्रागी, वालविकास सहजकर्ता पारिश्रमिक, मा.वि.शिक्षक तलव, विद्यालय भौतिक पुर्वाधार निर्माण, विद्यालय संचालन व्यवस्थापन खर्च, विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण, शैक्षिक पहुच सुनिस्चितता, अनौपचारीक तथा वैकल्पीक शिक्षा, विद्यालयमा स्यानीटरी प्याड वितरण, पाठ्य पुस्तक वितरण, विद्यार्थीलाई छात्रवृति जस्ता कार्यक्रमहरुका लागि रु.४ करोड ४ लाख विनियोजन गरिएको छ ।

७. यस गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्नका लागि सामुदायिक स्वास्थ्य इकाईहरुको निरन्तरता, स्वास्थ्य संस्थाका लागि आवश्यक औषधि तथा उपकरण खरिद लगायतका अनिवार्य सेवा तर्फका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ । नीति तथा कार्यक्रम मार्फत घोषणा भएको हरेक सुत्केरी महिलाहरुका लागि पोषण खर्च अनुदान लाई बजेट विनियोजन गरिएको छ, जसले हरेक आमाहरुलाई सम्मान र टेवा पुग्ने विश्वास लिइएको छ । स्वास्थ्य सेवा तर्फ कुल २० लाख बजेट विनियोजन गरिएको छ ।

नासों गाउँपालिका

संघीय सशर्त अनुदानतर्फ स्वास्थ्य तथा आयुर्वेदतर्फ औषधी तथा स्वास्थ्य सामाग्री खरिद, अनुगमन मूल्यांकन तथा भ्रमण खर्च, आर्थिक अवस्था कमजोर रहेका विरामीलाई पोषण खर्च, अनुगमन तथा मूल्यांकन, औषधि ढुवानी, रोग नियन्त्रण कार्यक्रम, कोविड-१९ लगायत माहामारी रोग नियन्त्रण, पशुपन्छिवाट सर्ने रोग नियन्त्रण, स्वास्थ्य संस्थाको गुणस्तर सुधार तथा वार्षिक समिक्षा, खोप तथा सरसफाई प्रवर्धन कार्यक्रम, पोषण कार्यक्रम, खोप केन्द्र व्यवस्थापन, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, मातृशिशु तथा नवशिशु कार्यक्रम, राष्ट्रिय महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम, सरुवा तथा नसर्ने रोग अन्तरक्रिया कार्यक्रम, ओ.पि.डि. टिकट छपाई, स्वास्थ्यकर्मि म.स्वा.स्वयम सेविका तालिम, स्वास्थ्यकर्मिको तलव भत्ता, वालरोग व्यवस्थापन कार्यक्रम, स्वास्थ्य चौकी न्युनतम सेवा मापदण्ड कार्यन्वयन तथा समिक्षा, आधारभुत स्वास्थ्य सेवा केन्द्र संचालन खर्च, फोहोर मैला व्यवस्थापन र आयुर्वेद औषधालय चालु तथा कार्यक्रम खर्च जस्ता कार्यक्रम सञ्चालनका लागि रु.२ करोड ३७ लाख विनियोजन गरिएको छ ।

८. आधा आकाश ओगटने महिलाहरु प्रति सम्मान गर्दै उहाँहरुकै मागमा आधारित शिपमूलक तथा आयमूलक क्षमता विकास कार्यक्रम तथा तालिमहरु संचालन गरि विकासको मूल प्रवाहमा ल्याउने उद्धेश्यले विभिन्न सशक्तिकरणका कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिएको छ, जसका लागि रु. १२ लाख रकम विनियोजन गरिएको छ ।

संघीय सशर्त अनुदान तर्फ लैंगिक समानता तथा सामाजिक समावेसिकरण तर्फ लैंगिक हिंसा तथा मानव वेचविखन विरुद्ध कार्यक्रम, महिला, वालवालिका, अपांगता भएका व्यक्तिको तथ्यांक संकलन, लैंगिक हिंसा निवारण कोष जस्ता कार्यक्रम सञ्चालनका लागि रु. ३ लाख बजेट विनियोजन गरिएकोछ ।

९. नासौं गाउँपालिकामा खेलकुदको विकास मार्फत युवाहरुको सशक्तिकरण, शारीरिक तथा मानसिक विकास, अनुशासन वृद्धि गर्न खेलकुद विकासका कार्यक्रमहरु संचालन गर्न रु.५ लाख रकम विनियोजन गरिएको छ ।
एक गाउँपालिका एक खेलकुद मैदानको राष्ट्रिय अवधारणा अनुसार वडा नं. १ तालमा रहेको खेलकुद मैदानलाई स्तरोन्नतीका लागि रु. १५ लाख रकम विनियोजन गरिएको छ, भने प्राथमिकताका साथ थप बजेट प्राप्तिका लागि सम्बन्धित निकायमा विशेष पहल गरिनेछ ।

१०. नेपालको संविधान, संघीय लोकतान्त्रिक शासन व्यवस्थाले सम्पुर्ण जातीय, लैङ्गिक, भौगोलिक तथा अन्य विविध कारणले पछाडी परेका तथा पारिएका वर्गको उत्थान गरी समतामुलक विकासको लागि विशेष

जोड गरेको छ । दलित समुदायको क्षमता विकास गरि आयआर्जनमा टेवा पुरयाउने अभिप्रायले दलित वर्ग उत्थान कार्यक्रमका लागि रु.८ लाख बजेट विनियोजन गरिएकोछ ।

११. संघीय सशर्त अनुदानतर्फ भुमि व्यवस्था तर्फ गरीव परिचान तथा परिचय पत्र वितरण ट्याब्लेट खरिद प्रचार प्रसार, पाारिश्रमिक, भ्रमण अनुगमन, इन्टरनेट खर्च, यातायात खर्च जस्ता कार्यक्रमका लागि रु.९ लाख बजेट विनियोजन गरिएको छ ।

१२. संघीय सशर्त अनुदानतर्फ युवा तथा खेलखुदतर्फ युवा उद्यम कार्यक्रम, युवा क्लव गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रम, युवा प्रतिभा पहिचान र प्रोत्साहन, युवा परामर्श, राष्ट्रपति रनिङ् सिल्ड, सामाजिक जागरण रुपान्तरण कार्यक्रम सञ्चालनका लागि रु. ११ लाख बजेट विनियोजन गरिएको छ ।

१३. सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ प्राविधिक सहायक तथा रोजगार संयोजकको तलव, पोसाक, स्थानीय भत्ता, रोजगार सेवा संचालन खर्च, रोजगार सेवा केन्द्रको सुदृढिकरण, विपन्न श्रमिकको ज्याला जस्ता कार्यक्रम सञ्चालनका लागि रु. ६५ लाख विनियोजन गरिएको छ ।

१४. शान्ति तथा सुव्यवस्थातर्फ आयोजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन, अन्य विविध खर्च, इन्टरनेट सेवा शुल्क, एम.आई.एस. अपरेटर, फिल्ड सहायक को प्रारिश्रमिक, चाडवाड तथा पोशाक खर्च, भ्रमण भत्ता, संचार खर्च, सामाजिक सूरक्षा दर्ता शिविर संचालन, मेसिनेरी औजार तथा फर्निचर मर्मत, मसलन्द खर्च, घटना दर्ता किताव, डिजिटाईजेसनको लागि परामर्श सेवा, व्यक्तिगत घटना तथा सामाजिक सूरक्षाका लागि वडा कार्यालयहरुमा कम्प्युटर खरिद, संचार सामाग्रि प्रसारण तथा छपाई, स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिहरुको लागि अनुगमन तथा मूल्यांकन खर्च जस्ता कार्यहरुका लागी रु.३२ लाख बजेट विनियोजन गरिएको छ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन

१५. नासौं गाउँपालिका जलविद्युत उत्पादन संभाव्यताका दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण गाउँपालिका हुँदा हुँदै लगानी अभावमा आवश्यक पर्ने क्षमतामा विद्युत उत्पादन गर्न नसकेको व्यहोरा हामी सबै माझ विदितै छ । ठूला लगानीका परियोजनाहरुलाई आकर्षण गर्ने र लगानीका लागि अनुकुल वातावरण सृजना गर्नेतर्फ जोड दिइनेछ । हाम्रै जलस्रोतबाट निर्माण हुने विद्युत आयोजनाहरुमा नासों गा.पा.का प्रभावित बासिन्दालाई सःशुल्क तथा निःशुल्क शेयर वितरण गर्नेतर्फ आवश्यक निर्णय गरिसकिएकोले सोको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

१६. नासौं गाउँपालिकाको मुख्य रुपमा मर्स्याङ्गदी नदी र दुधखोलाको प्रभावित क्षेत्रमा पर्दछ । जलवायू परिवर्तनका कारण नदीहरुको बहाव बढ्ने, कटान गर्ने तथा बाढी पहिरोको जोखिम बढ्दै गएको देखिन्छ । विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी नदी नियन्त्रण, बायो ईन्जिनियरीङ मार्फत बातावरण संरक्षणमा जोड दिईनेछ ।

१७. फोहोरमैला व्यवस्थापन स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी हो । नासौं गाउँपालिकाका गाउँहरुलाई व्यवस्थित, स्वच्छ र सरसफाईयुक्त बनाउन यस आ.ब.मा ढल व्यवस्थापन तथा ढलान, सरसफाई तथा फोहरमैला व्यवस्थापन सहयोग कार्यक्रम जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । साथै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ रोकथाम तथा नियन्त्रण, विभिन्न समयमा आइपर्ने प्राकृतिक प्रकोप तथा मानवकृत प्रकोपबाट हुने धनजनको क्षतिको न्यूनीकरण, राहत, पुनर्स्थापन तथा विपद व्यवस्थापनका लागि स्थापना भएको एक छुट्टै स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा रुपमा रु. ४० लाख बजेट विनियोजन गरि कुल रु. ५० लाखको कोष सृजना भएको छ । वन, वातावरण र विपद व्यवस्थापन क्षेत्रमा करिब ९ लाख रकम विनियोजन गरिएको छ ।

## राजश्व सुधार तर्फ :

१८. गाउँपालिकाको आम्दानीको मुख्य श्रोत नै आन्तरिक राजश्व हो । आफै आम्दानी गरौ र आफ्नै लागि खर्च गरौ भन्ने अभिप्रायका साथ नासौं गाउँपालिकाले आन्तरिक आम्दानीको स्रोत दिगो, फराकिलो र भरपर्दो बनाउदै विस्तारै आत्मनिर्भर बन्नुपर्ने अवस्थामा छ । गाउँपालिकालाई प्राप्त हुने अनुदानहरुको हिस्सा घट्दै जाँदा पक्कै पनि आन्तरिक आम्दानीको स्रोत बढाउनुपर्ने दवाव छ । कोरोना भाइरसको महामारीले आयआर्जनका क्षेत्रमा पारेको गम्भीर असरलाई समेत मनन गरि राजश्व प्राप्तिका विभिन्न क्षेत्रहरुमा जनतालाई मर्का नपर्ने तथा योगदान गर्न उत्साहित हुने गरि राजश्व संकलन गर्न आवश्यक छ । नासौं गाउँपालिकाले हाल लगाउँदै आएको घरजग्गा करलाई एकीकृत सम्पति कर लागू नभएसम्मका लागि चालु आ.ब.२०७६/०७७ मा तोकिए बमोजिम नै आगामी आ.ब.मा पनि लगाउने निर्णय गरेको छ ।

थप करका स्रोतहरुको खोजी गर्ने तर्फ विशेष अग्रसर हुने नीति लिइएको छ । नदीजन्य प्राकृतिक स्रोतले भरिपूर्ण यस गाउँपालिकाको वडा नं. १ तालमा बालुवा तथा गिट्टी उत्खनन तथा संकलनका लागि समयमा नै ठेक्का प्रकृया गरि उत्साहजनक रुपमा राजस्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

१९. गाउँपालिका क्षेत्रभित्र रहेका यार्सागुम्बा, बनलसुन, सतुवा, निरमसी लगायतका महत्वपुर्ण जडिबुटीहरु संकलन तथा निकासीमा लगाउँदै आएको कर तथा शुल्कलाई चालु आ.ब.मा तोकिए बमोजिम नै यथावत गरिएको छ ।



नासौं गाउँपालिका

**आदरणीय अध्यक्ष महोदय,**
**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अब म पूँजीगततर्फ विनियोजित बजेट तथा कार्यक्रमको योजनाग तथा कार्यक्रमगत विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु,:

### १. क) आ.ब.२०७७/०७८ का लागि पूँजीगत तथा चालुबाट कार्यक्रमगत अनिवार्य दायित्व अन्तरगतका योजना तथा बजेट विनियोजन

| सि.नं. | वजेट खर्च हुने शीर्षक वा योजनाको नाम | संकेत नं. | क्षेत्र | वजेट रकम | श्रोत |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका प्रशासनिक भवन तथा अस्पतालका लागि जग्गा खरीद | | संस्थागता क्षमता विकास | १ करोड ५० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २ | १५ शैय्याको अस्पताल तथा गा.पा. भवन डिपीआर तैयारी | | संस्थागता क्षमता विकास | २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ३ | कृषि विकास कार्यक्रम | | कृषि | २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ४ | पशु सेवा कार्यक्रम | | पशुसेवा | १० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ५ | स्वास्थ्य सेवा कार्यक्रम( सामुदायिक स्वास्थ्य ईकाई तथा गर्भवती स्याहार खर्च, औषधि खरिद समेत) | | स्वास्थ्य | २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ६ | आयुर्वेद स्वास्थ्य सेवा कार्यक्रम | | आयुर्वेद स्वास्थ्य | ३ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ७ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास कार्यक्रम | | जनशक्ति क्षमता विकास | ८ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ८ | मेशीनरी औजार तथा सुचना प्रविधि विस्तार | | सूचना प्रविधि | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ९ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | | विपद व्यवस्थापन | ४० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १० | भैपरी आउने पुँजीगत कोष | | भैपरी | २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ११ | वडा कार्यालय संचालन खर्च | | संस्थागत सृदृढीकरण | २७ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १२ | खानेपानी सृदृढीकरण | | खानेपानी | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १३ | ताल खेलकुद मैदान निर्माण | | खेलकुद | १५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १४ | शैक्षिक गुणस्तर विकास कार्यक्रम | | शिक्षा | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| | **जम्मा** | | | **३ करोड ४८ लाख** | |

## ख) आ.ब.२०७७/०७८ का लागि पूँजीगत अन्तरगतको योजना तथा बजेट विनियोजन

| क्र.सं. | बजेट खर्च हुने शीर्षक वा योजनाको नाम | कार्यान्वयन हुने स्थान | क्षेत्र | बजेट रकम रु. | श्रोत | कै. |
|---|---|---|---|---|---|---|
| १. | डिपिङ टयांकी निर्माण | वडा नं. १,ताल | पशुसेवा | ४ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| २. | ताल शवदाहस्थल निर्माण | वडा नं. १, ताल | पूर्वाधार विकास | ७ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३. | देशीडाँडा देखि घेराङ गाउँसम्म बाटो ढलान | वडा नं. १, घेराङ | पुर्वाधार विकास | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ४. | छहरेखोला देखि भिरकुनासम्म मोटरबाटो निर्माण | वडा नं १, ताल | पूर्वाधार विकास | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ५. | छहरेखोला तटबन्धन | वडा नं. १, ताल | विपद व्यवस्थापन | १ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ६. | ङरा ने देखि नाचै जाने पदमार्ग निर्माण तथा रेलिङ निर्माण | वडा नं. २, नाचै | पूर्वाधार विकास | १३ लाख ५० | वित्तीय समानीकरण अनुदान संघ | |
| ७. | नाचै देखी युर्म्यो हुदै क्रोम जाने बाटो निर्माण | वडा नं. २, नाचै | पूर्वाधार विकास | ९ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ८. | धारापानी आमा समुह भवन निर्माण | वडा नं. ३, धारापानी | पूर्वाधार विकास | १३ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ९. | धारापानी शवदाह स्थल निर्माण | वडा नं. ३, धारापानी | पूर्वाधार विकास | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| १०. | खोत्रो देखि खोत्रोपाखा जाने गोरेटो बाटो निर्माण | वडा नं. ३, खोत्रो | पूर्वाधार विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ११. | युम्ली खोला पानी घट्ट निर्माण | वडा नं. ३, खोत्रो | आर्थिक विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| १२. | खोत्रोपाखा गाउँ ढल निकास | वडा नं. ३, खोत्रो | सामाजिक विकास | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| १३. | घेलान्चोक गाउँदेखी धारामा जाने बाटो ढलान र छेउघरको धारादेखी स्योँखु बाटोसम्म ढलान | वडा नं. ४, घेलान्चोक | पूर्वाधार विकास | १४ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| १४. | प्रो तर्क्या देखी ओडार गाउसम्म बाटो ढलान र तोकोइङ्गे चौतारमा स्वागत गेट निर्माण | वडा नं. ४, ओडार | पूर्वाधार विकास | ९ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| १५. | क्यूखुली खानेपानी योजना | वडा नं. ४, ओडार | सामाजिक विकास | ४ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| १६. | थोँचे गाउँ शवदाहस्थल निर्माण | वडा नं. ५, थोंचे | पूर्वाधार विकास | १५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| १७. | ताम्राङ मोटरबाटो स्तरोन्नती | वडा नं. ५, थोंचे | पूर्वाधार विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |

नासों गाउँपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | थोंचे गाउँ विद्युत लाईन व्यवस्थापन तथा सोलार वत्ती व्यवस्थापन | वडा नं. ५, थोंचे | पूर्वाधार विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| १९. | थोंचे आमा समुह फर्निचर खरिद | वडा नं. ५, थोंचे | सामाजिक विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| २०. | ताम्राङ गुम्बामा पानी तताउने सोलार सिष्टम जडान | वडा नं. ५, थोंचे | पूर्वाधार विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| २१. | थोँचे गुम्बामा हल निर्माण, मने मर्मत, मूर्ति मर्मत, ध्योजो बाल्ने ठाउँ निर्माण र रङरोगन कार्य | वडा नं. ५, थोंचे | सामाजिक विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| २२. | दज्याङ पर्व प्रबर्द्धन कार्यक्रम | वडा नं. ५, थोंचे | सामाजिक विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| २३. | थोंचे सामुदायिक वन क्षेत्रभित्र र थोंचे गाउँ सुरक्षाका लागि सि.सि.क्यामेरा जडान | वडा नं. ५, थोंचे | विपद व्यवस्थापन | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| २४. | पेमा छयोलिङ डिङमा गुम्बा भवन निर्माण | वडा नं. ६, तिल्चे | पूर्वाधार विकास | २७ लाख ५० हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| २५. | तिल्चे गाउँको बाटोमा ३ वटा फलामे गेट (ढोका) निर्माण | वडा नं. ७,, तिल्चे | पूर्वाधार विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| २६. | मिलेरेपा देखि मनास्लु बेसक्याप हुँदै भिमथाङसम्म जाने पर्यटकीय पैदलमार्ग निर्माण | वडा नं. ७,, भिम्थाङ | आर्थिक विकास | १० लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| २७. | सामुदायिक ढिकी निर्माण | वडा नं. ७, तिल्चे | आर्थिक विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| २८. | ग्वा ढल व्यवस्थापन | वडा नं. ७, ग्वा | वन, वातावरण तथा विपद व्यवस्थापन | २ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| २९. | भिमथाङ गाउँ ढल व्यवस्थापन | वडा नं.,७, भिमथाङ | वन, वातावरण तथा विपद व्यवस्थापन | ३ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३०. | पुर्ने पुल देखि खर्क जाने बाटो निर्माण | वडा नं., ७, तिल्चे | आर्थिक विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| ३१. | गहुँ चुटने थ्रेसर मेशिन खरिद | वडा नं., ७, तिल्चे | आर्थिक विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| ३२. | ताचै गाउँ बाटो ढलान | वडा नं. ८, ताचै | पूर्वाधार विकास | १५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३३. | ताचै गाउँ ढल निकास | वडा नं. ८, ताचै | सामाजिक विकास | ५ लाख ५० हजार | वित्तीय समानीकरण अनुदान संघ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४. | ताचै होमस्टे भवन देखि टेलीफोन टावर मुनि ग्याबियन निर्माण | वडा नं. ८, ताचै | वन, वातावरण तथा विपद व्यवस्थापन | ३ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३५. | लाङगारी देवी मन्दीर छाना छाउने | वडा नं. ८, ताचै | सामाजिक विकास | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३६. | बगरछाप गाउँभित्रको गोरेटोबाटो तथा वडा कार्यालय जाने बाटोसम्म अधुरो ढलान सम्पन्न योजना | वडा नं. ९,बगरछाप | पूर्वाधार विकास | ६ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३७. | दानाक्यु देखि बगरछाप सम्मको गाउँभित्र बाटोको चोकचोकमा सोलार वत्तीको व्यवस्था | वडा नं. ९,बगरछाप | पूर्वाधार विकास | ४ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३८. | बगरछाप लामा गुम्बा आवास निर्माण अधुरो योजना | वडा नं. ९, बगरछाप | सामाजिक विकास | ३ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३९. | महिलाहरुका लागि गलैचा बुन्ने कुटिल उद्योगका लागि सामाग्री वितरण | वडा नं. ९, | सामाजिक विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ४०. | दानाक्यू आधारभुत विद्यालय मन्टेश्वरी विद्यार्थीका लागि शैक्षिक तथा खेलकुद सामाग्री वितरण | वडा नं. ९, | सामाजिक विकास | १ लाख ५० हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| ४१. | बगरछाप एक्लो भट्टी (ज्यूचे) हुँदै दानाक्यू स्याउबारी वस्ती सम्म खानेपानी योजना निर्माण | वडा नं. ९, | सामाजिक विकास | ४ लाख | | |
| | **जम्मा** | | | **२ करोड १७ लाख ९१ हजार** | | |

नार्पा गाउँपालिका

## (ग) आ.ब.२०७७/०७८ का लागि पुँजीगत प्रकृतिका लक्षित विकास कार्यक्रमसँग सम्बन्धित योजना तथा बजेट विनियोजन

| क्र.सं. | बजेट खर्च हुने शीर्षक वा योजनाको नाम | कार्यान्वयन हुने स्थान | क्षेत्र | बजेट रकम रु. | श्रोत | कै. |
|---|---|---|---|---|---|---|
| १. | महिला सशक्तिकरण कार्यक्रम | गा.पा.भरी | लक्षित समुह | १२ लाख | | |
| २. | जेष्ठ नागरिक तथा अपांग सहयोग कार्यक्र | गा.पा.भरी | लक्षित समुह | २ लाख | | |
| ३. | दलित वर्ग उत्थान कार्यक्रम | गा.पा.भरी | लक्षित समुह | ८ लाख | | |
| ४. | लघु उद्यम विकास साझेदारी कार्यक्रम | गा.पा.भरी | आर्थिक विकास | १५ लाख | | |
| ५. | वातावरण संरक्षण प्रवर्द्धन कार्यक्रम | गा.पा.भरी | वन तथा वातावरण | ५ लाख | | |
| ६. | बालबालिका लक्षित कार्यक्रम | गा.पा.भरी | लक्षित समुह | २ लाख | | |
| ७. | स्थानीय संस्कृति प्रबर्द्धन कार्यक्रम | गा.पा.भरी | सामाजिक विकास | २ लाख | | |
| ८. | होमस्टे प्रबर्द्धन कार्यक्रम | गा.पा.भरी | आर्थिक विकास | ५ लाख | | |
| ९. | सरसफाई तथा फोहर व्यवस्थापन | गा.पा.भरी | सामाजिक विकास | ९ लाख | | |
| १०. | यार्चागुम्बा र गुच्छी च्याउ व्यवसायिक खेती अध्ययन तथा अनुसन्धान | गा.पा.भरी | आर्थिक विकास | ५ लाख | | |
| | **जम्मा** | | | **६५ लाख** | | |
| | **कुल जम्मा ( क+ख +ग)** | | | **६ करोड ३० लाख ९१ हजार** | | |

**२. (क) आ.ब.२०७७/०७८ का लागि जिल्ला समन्वय समिति पूँजीगत अनुदान अन्तरगतको योजना तथा बजेट विनियोजन**

| क.सं. | बजेट खर्च हुने शीर्षक वा योजनाको नाम | कार्यान्वयन हुने स्थान | क्षेत्र | बजेट रकम रु. | श्रोत | कै. |
|---|---|---|---|---|---|---|
| १. | थोंचे देखि ताचै जाने मोटरबाटो निर्माण तथा स्तरोन्नती | वडा नं. ८, ताचै | पूर्वाधार विकास | १० लाख | जि.स.स. अनुदान | |
| २. | तातोपानी संरक्षण तथा निर्माण | वडा नं. ३, धारापानी | आर्थिक विकास | १० लाख | जि.स.स. अनुदान | |
| ३. | नासों गाउँपालिका मर्मत | वडा नं. ३, धारापानी | पुर्वाधार विकास | ५ लाख | जि.स.स. अनुदान | |
| | **जम्मा** | | | **२५ लाख** | | |

**विविधः**

१. हाल नासों गाउँपालिकाको कार्यालय रहेको भवन सानो भएका कारण विषयगत शाखा संचालन, सेवा प्रवाह गर्न, बैठक तथा सभा संचालन गर्न उपयुक्त नभएकोले कार्यालय स्थापना देखि नै यसको विकल्पको खोजी भईरहेको सन्दर्भमा गाउँपालिकाको आफ्नो स्वामित्वमा कुनै उपयुक्त जग्गा नरहेको, उपयुक्त अन्य सार्वजनिक जग्गा समेत नरहेको अवस्थामा सुविधा सम्पन्न गाउँपालिकाको प्रशासनीक भवन निमार्ण गर्न प्रथमत जग्गा खरिद तथा प्राप्ति गर्नुपर्ने भएको र साथसाथै १५ शैयाको सुविधायुक्त अस्पताल विकास गर्ने लक्ष्य अनुसार उच्च मनोबलका साथ आवश्यक कार्य थालनी गरिएकोमा विद्यमान कोभिड-१९ को महामारीका कारण उत्पन्न बन्दाबन्दी एवं नेपाल सरकारको निर्णय अनुसार यस्ता प्रकृतिका कार्य तत्काल नगर्न भएको निर्देशन बमोजिम उक्त कार्य यस बर्षमा सम्पन्न गर्न नसकिएता पनी आगामी आ.ब.मा यसलाई पूर्णता दिईनेछ । गा.पा. भवन तथा १५ शैयाको अस्पताल भवन समेत निर्माणका लागि डिपिआर तयार गर्न रु. २० लाख रकम र जग्गा खरिद प्रकृया अगाडी बढाउन यस आ.ब.मा रु.१ करोड ५० लाख बजेट विनियोजन गरिएको छ । यस अभियानमा ठुलो रकमको आवश्यकता पर्ने हुँदा डिपिआर तयारी पश्चात सहयोगी निकाय र साझेदार निकायको खोजीलाई तिब्र रुपमा अगाडी बढाईनेछ ।

२. यस जिल्लाबाट प्रतिनिधी सभाका माननीय सभासद ज्यूलाई प्राप्त हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट यस गाउँपालिकाको क्षेत्रमा न्यूनतम १ करोड बजेट प्राप्त हुने अनुमान गरिएको छ । साथै यस क्षेत्रबाट गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सभासद ज्यूबाट आगामी आ.ब.यस गाउँपालिकामा उत्साहजनक रुपमा बजेट विनियोजन हुने अनुमान गरिएको छ ।

नासों गाउँपालिका

३. विगत बर्षहरुमा झै यस बर्षपनि संघीय सरकारको बजेट मन्तव्यमा प्रस्तुत भए बमोजिम गरिबसँग विश्वेश्वर कार्यक्रमको निरन्तरता हुने तथा उक्त कार्यक्रमबाट सामुदायिक संस्थाहरुका स-साना आवश्कता परिपूर्ति गर्नेतर्फ कार्यक्रमहरु संचालन गरिनेछ ।

४. संघीय सरकारको बजेट मन्तव्य मार्फत बृद्धि गरिएको सामाजिक सुरक्षा कार्यक्रम अन्तरगतका (बृद्ध भत्ता, औषधी उपचार खर्च, विधवा भत्ता, जेष्ठ नागरिक एकल महिला, दतिल बालबालिक संरक्षण, अपांग भत्ता) भत्ताहरुको रकमलाई समेत आँकलन गरि सामाजिक सुरक्षा कार्यक्रमतर्फ रु.१ करोड २५ लाख रकम अनुमान गरि विनियोजन गरिएको छ ।

विद्यमान विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड- १९ का कारण हामी समेत विषम परिस्थितिमा छौ । यो महामारी नेपालमा फैलिदै गएको र यसको प्रभाव यस गाउँपालिका समेत नपर्ला भनेर ढुक्क हुने अवस्था छैन । तसर्थ यो महामारीबाट यस गाउँपालिकालाई बचाउन सबै दाजुभाई दिदी बहिनीहरुलाई उच्च सतर्कता अपनाउनु हुन, उच्च मनोबल कायम गर्नुहुन र महामारी रोकथाम तथा नियन्त्रणमा एकजुट भई लागि पर्न हार्दिक आव्हान गर्दछु ।

हामीसँग आर्थिक स्रोत साधन अत्यन्त न्यून छ तर जनताका आवश्यकताहरु असिमित छन् । तथापी अति आवश्यक र क्रमागत योजना तथा कार्यक्रमलाई बढि भन्दा बढी यो बजेट तथा कार्यक्रम मार्फत समेटने प्रयास गरिएको छ । विकास निरन्तर प्रकृया हो र सदा चलिरहन्छ, आज विषम परिस्थितमा रहेता पनि सुखद र सुरक्षित भविष्यको आशा बोकी हामीसँग प्राप्त हुने सिमिति स्रोत र साधनको प्रभावकारी परिचालन गर्न सकेका खण्डमा थोरै लगानीले धेरै प्रतिफल प्राप्त गरि जनताका आवश्यकता पुरा गर्न सकिने विश्वास लिइएको छ । यो बजेटले समेटन नसकेका वृहत प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई संचालन गर्न श्री संघीय सरकार, श्री गण्डकी प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालय, स्वदेशी तथा विदेशी दातृ निकायहरुसँग गाउँसभाबाट स्वीकृत हुने नीतिगत निर्णय मार्फत सहकार्य गर्दै अगाडी बढने नीति लिइएको छ ।

प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनका अतिरिक्त यस गाउँपालिकाको विकास पथमा सदा झैं विशेष पहलकदमी तथा सक्रिय सहभागिता जनाईदिनु हुन यस जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने माननीय संघीय प्रतिनिधी सभा सदस्यज्यू, माननीय गण्डकी प्रदेश सभा सदस्यज्यूहरु, पूर्व माननीय मन्त्रीज्यूहरु, पूर्व माननीयज्यूहरु, पूर्व स्थानीय निकायका पदाधिकारीज्यूहरु एवं जिल्ला भित्र र बाहिर रहेर यस नासों गाउँपालिकाको चौतर्फी विकासमा सदा खटिईरहनु हुने आदरणीय महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा नासों गाउँपालिकाको आ.ब.२०७७/०७८ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न नेतृत्व गरि विशेष योगदान गर्नुहुने आदरणीय अध्यक्ष श्री चन्द्र घलेज्यू, गाउँ कार्यपालिकाका सम्पुर्ण आदरणीय सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, ९ वटै बडाबाट प्रतिनिधित्व गर्नुहुने वडा सदस्यज्यूहरुमा हार्दिक धन्यवाद एवं कृतज्ञता व्यक्त गर्न चाहान्छु । साथै बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा सहयोग गर्न अहोरात्र खटिनु हुने नासों गाउँपालिकाको कार्यालय तथा अन्तरगतका समस्त राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

## धन्यवाद !

..........................

कमलमाया गुरुङ

उपाध्यक्ष

नासों गाउँपालिका

मितिः २०७७/०३/१० गते



नासों गाउँपालिका

नार्सों गाउँपालिका